# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : १ मिति : २०७६।०२।१२


## भाग- २

## सुनिल स्मृति गाउँपालिका

### सूलीचौर, रोल्पा प्रदेश नं. ५, नेपाल

# कृषि हाट-बजार ब्यबस्थापन तथा संचालन कार्यविधि, २०७६

*पारित मिति : २०७६।०२।१२*

**प्रस्तावना :**

कृषि उपजको उत्पादनलाई व्यवस्थित, सरल, सुलभ र गुणस्तरीय बनाई बिक्री वितरण गर्न सुनिल स्मृति गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ४ को उपदफा ३ बमोजिम कृषि हाट-बजार ब्यबस्थापन तथा संचनलनको लागि यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो कार्यविधिको नाम 'कृषि हाट-बजार ब्यबस्थापन तथा संचालन कार्यविधि,

२०७६' हुनेछ ।

(२) यो कार्यविधि गाँउपालिकाको कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) 'अध्यक्ष' भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) 'उत्पादक' भन्नाले कृषि वस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषि फार्म वा सहकारी उत्पादक सम्झनुपर्छ ।

(ग) 'एजेन्ट' भन्नाले कृषि उद्यमी, व्यवसायी, कृषि बजार वा कृषिजन्य वस्तुहरूको कारोबार गर्ने दर्तावाला व्यक्ति सम्झनुपर्छ र सो शव्दले संगठित संस्थाको प्रतिनिधिलाई समेत जनाउँछ ।

(घ) 'कार्यपालिका' भन्नाले सुनिल स्मृति गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ङ) 'कृषक' भन्नाले यस ऐनको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यावसायिक कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायी, कृषि फर्म र कृषि सहकारी समेतलाई सम्झनुपर्छ ।

(च) 'गाउँपालिका' भन्नाले सुनिल स्मृति गाउँपालिका सम्झनुपर्छ ।

(छ) 'थोक बजार' भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषि वस्तु बिक्री वितरण गर्ने थोक बजारलाई सम्झनुपर्छ ।

(ज) 'बिक्रेता' भन्नाले कृषि वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फार्म, सहकारी संस्था, कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई सम्झनुपर्छ ।

(झ) 'समिति' भन्नाले सुनिल स्मृति गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ५ बमोजिम गठन भएको कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्झनुपर्छ ।

(ञ) 'संकलन केन्द्र' भन्नाले कृषकहरुले दोस्रो बजारमा विक्री गर्ने उद्देश्यले कृषि उपज संकलन गरेर विक्रेतालाई विक्री गर्ने संकलन केन्द्रलाई सम्झनुपर्छ ।

(ट) 'हाट-बजार' भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन विक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृत लिई संचालन भएको हाट बजारलाई सम्झनुपर्छ ।

३. उद्देश्य : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) कृषि उपजहरुको उचित बजारीकरण गर्न सहयोग पुऱ्याउने,

(ख) कृषि उपज वा वस्तुको उचित मूल्य पाउने वातावरण तयार गर्ने,

(ग) बिउ बिजन, प्रांगरिक मलखाद, बिरुवा, बेर्ना, कृषि औजार तथा उपकरणहरु एकै स्थानमा उपलब्ध हुने व्यवस्था मिलाउने,

(घ) उपभोक्ताहरुलाई कृषि बजारहरुमा वर्षभरि तरकारी, फलफूल, माछा, पुष्प लगायतका खाद्य वस्तु आपूर्ति गर्न योगदान पुऱ्याउने,

(ङ) कृषि क्षेत्रको आधुनिकरणमा सहयोग पुऱ्याउने,

(च) नाशवान कृषि उपनको नोक्सानीलाई कम गरी उपभोग्य उत्पादन बढाउने,

(छ) प्रांगरिक तथा वातावरणमैत्री कृषि उत्पादन र बजारीकरणलाई प्रत्साहन गर्ने ।

## परिच्छेद- २

## कृषि हाट बजारको स्थापना तथा निर्माण

४. कृषि हाट बजारको स्थापना :

(१) सुनिल स्मृति गाउँपालिकाले तोकेको क्षेत्रभित्र कृषि सम्वन्धी सहकारी वा कृषि सम्वन्धी व्यवसायिक संस्थाले गाउँपालिकाको अनुमति लिई कृषि हाट बजारको स्थापना तथा निर्माण गर्न सक्नेछ ।

(२) कृषि हाट बजारको निमार्णका लागि देहायका सेवा/सुविधा/पूर्वाधारहरु भएको हुनुपर्नेछ

(क) सडकको पहुँच भएको वा हुन सक्ने,

(ख) विद्युतको उपलब्धता भएको वा हुन सक्ने,

(ग) तोकिएको क्षेत्र चक्लाबन्दी भएको वा हुनसक्ने वा एउटै कोरिडोरमा रहेको,

(घ) कारोबार स्थान तोकिएको हुनुपर्ने,

(ङ) थोक तथा खुद्रा बजारको लागि छुट्टाछुट्टै स्थान तोकेको हुनुपर्ने,

(च) खानेपानी तथा शौचालयको व्यवस्था भएको हुनुपर्ने,

(छ) कार्यालय कोठा, सूचना कक्ष र भण्डार कोठाको व्यवस्था हुनुपर्ने,

(ज) बजारलाई आवश्यक अन्य सुविधामा क्रमिक रुपमा सुधार गर्दै जाने

## परिच्छेद- ३
## कार्यक्रम संचालन

५. कृषि हाट बजार स्थापना र संचालन :
समितिले स्थापना र संचालन गर्न आर्थिक र प्राविधिक पक्षहरुको अध्ययन गरी उपयुक्त स्थानहरु तोक्ने छ ।

६. प्रस्ताव आव्हान :
समितिले कृषि हाट बजार स्थापना र संचालन गर्न उपयुक्त स्थानका इच्छुक साझेदार संस्थाबाट शिलबन्दी प्रस्ताव पेश गर्न ३० दिने म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ र सोही अवधिभित्र कृषि हाट बजार स्थापना र संचालन गर्न इच्छुक साझेदार संस्थाले तोकिएको कागजातसहित समिति समक्ष निवेदन र प्रस्ताव दर्ता गर्नुपर्नेछ ।

७. प्रस्तावकलाई जानकारी :
समितिले स्वीकृत गरेको प्रस्तावको जानकारी सम्बन्धित साझेदार संस्थालाई निर्णय भएको मितिले ७ दिनभित्र गराउनु पर्नेछ ।

८. सम्झौता :

(१) प्रस्ताव स्वीकृत भएका साझेदार संस्थाहरुसँग कृषि हाट बजार स्थापना संचालन, निर्माण गर्नका लागि सम्पूर्ण भौतिक पूर्वाधार निर्माण कार्य र मेसिनरी उपकरणहरु जडान लगायतका कार्यहरु संचालन गर्न सम्झौता गर्न सूचना प्राप्त भएको १५ दिनभित्र सम्झौता गर्न आउनुपर्नेछ ।

(२) उपदफा १ बमोजिमको समयभित्र सम्झौता गर्न नआउन साझेदारको स्वतः छनोट रद्द भएको मानी दोस्रो प्राथमिकता प्राप्त साझेदारलाई छनोट गर्न बाधा पुगेको मानिने छैन ।

## परिच्छेद- ४
## कार्यक्रम संचालनको आर्थिक पक्ष

९. अनुदान प्रवाह विधि :
छनोट भई सम्झौता भएका साझेदार संस्थालाई प्रदान गरिने अनुदान देहाय बमोजिम हुनेछ :

(क) कृषि हाट बजार स्थापना र संचालन गर्न गाउँपालिकाले बजार घर निर्माणमा औजार उपकरण खरिदमा अनुदान उपलब्ध गराउने छ र बाँकी रकम

साझेदार संस्थाले व्यहोर्ने छ,

(ख) कृषि हाट बजार संचालन गर्न प्रस्तावकले व्यहोर्ने साझेदार वापतको लागत रकम लगानी गरी सोको बिल भर्पाई र कार्य सम्पन्न प्रतिवेदन स्वीकृत भएको आधारमा गाउँपालिकाले भुक्तानी गर्नेछ। अनुदान रकम बढीमा तीन किस्तामा दिइने छ र भुक्तानी प्रक्रिया प्रचलित आर्थिक ऐन नियम अनुसार हुनेछ,

(ग) गाउँपालिकाले किस्ता अनुदान रकम सम्बन्धित साझेदार संस्थाको बैंक खातामा जम्मा हुने गरी एकाउण्ट पेयी चेकमार्फत उपलब्ध गराउनेछ,

(घ) यस कार्यविधि अनुरुप उपलब्ध हुने अनुदान सम्बन्धि अभिलेख गाउँपालिकाले राख्नेछ।

१०. कारवाहीको व्यवस्था :

(१) सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई गाँउपालिकाले अनुदान रोक्का गर्नेछ।

(२) यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाइएमा त्यस्ता साझेदार संस्थालाई प्रचलित ऐन नियम बमोजिम कारबाही गरी रकम असुल उपर गरिनेछ।

(३) किस्ता रकम लिई कार्य सम्पन्न नगर्ने साझेदार संस्थालाई अनुदान दिएको रकम र सोको दश प्रतिशत हर्जाना समेत असूल गरिनेछ।

## परिच्छेद- ५
## संचालन प्रक्रिया

११. हाट बजार व्यवस्थापन :

कृषि हाट बजार संचालन सम्बन्धमा सम्बन्धित समितिसंग भएको सम्झौता बमोजिमका कार्यहरु संचालन गर्ने सम्बन्धमा स्थापना भएको हाट बजार व्यवस्थापनका लागि सम्बन्धित स्थानीय कृषक समूह/सहकारी/कृषि उद्यमी/जल उपभोक्ताहरुको प्रतिनिधित्व रहने गरी कम्तिमा ५ र बढीमा ११ सदस्यीय संचालक समिति गठन गरिनेछ।

१२. अनुगमन र प्रतिवेदन :

गाउँपालिका भित्र रहेको हाट बजार सम्बन्धी अनुगमन समितिले गर्नेछ। गाउँपालिकाको क्षेत्रभित्र स्थापना भएको हाट बजारको वार्षिक प्रगति विवरण

समितिले गाँउपालिकाको गाँउ कार्यपालिकाको कार्यालय समक्ष पेश गर्नेछ ।

१३. कृषि हाट बजारको व्यवस्थापन :

कृषि हाट बजारको व्यवस्थापन गर्नको लागि दफा ११ बमोजिम गठन भएको संचालक समितिले निम्न कार्य गर्नुपर्नेछ :

(क) बजार सञ्चालन व्यवस्थापन एवं नीति नियम निर्धारण गर्ने र सो को कार्यान्वयन गर्ने,

(ख) बजार स्थलमा बिक्री वितरण हुने बस्तुको प्रकृति र न्यूनतम परिमाण निर्धारण गर्ने,

(ग) बजार व्यवस्थापनको लागि आवश्यक पर्ने कर्मचारीको व्यवस्था गर्ने तथा पारिश्रमिक सेवा शर्त तथा सुविधा निर्धारण गर्ने,

(घ) बजार प्रबर्द्धन गर्ने सिलसिलामा बजारको स्थापना वा नेपाल सरकार वा अन्य निकायबाट निर्मित वा सञ्चालित बजारहरूलाई सञ्चालन गर्ने अभिप्रायले आफनो कार्य क्षेत्र बिस्तार गर्ने,

(ङ) बजार संजाल स्थापना गर्ने,

(च) कृषि बस्तुहरूको प्याकेजिङ्ग, ग्रेडिङ्ग तथा गुणस्तर सम्बन्धी प्रोत्साहनमूलक कार्य गर्ने,

(छ) फलफूल तथा तरकारी उत्पादक, थोक तथा खुद्रा व्यापारीहरूको लागि बजार सुविधा उपलव्ध गराउने,

(ज) निजी क्षेत्रसँग सहकार्य गरी अन्य ठाउँहरुमा बजारका पूर्वाधार निर्माण, व्यवस्थापन एवं सञ्चालन गर्ने,

(झ) बजार सेवा/सुविधा उपलव्ध गराए बापतको सेवा शुल्क निर्धारण गर्ने,

(ञ) बजार सञ्चालन सम्बन्धी कुनै समस्या उत्पन्न भएमा सो को समाधान गर्ने,

(ट) बजार क्षेत्रलाई सफा सुग्घर राखी स्वस्थ बातावरण कायम गर्ने,

(ठ) आवश्यक जनशक्ति बिकास सम्बन्धी कार्य गर्ने,

(ड) बजार व्यवस्थापन सम्बन्धी अन्य आवश्यक कार्यहरू गर्ने ,

(ढ) कृषि बस्तुको खरिद बिक्रीसँग सम्बन्धित अन्य आवश्यक कार्य गर्ने,

(ण) कृषि बजार सूचना सेवा प्रभावकारी बनाउने ।

## परिच्छेद-६
## विविध

१४. कार्यविधिको परिमार्जन :

अनुगमन तथा मूल्याकंन र अनुभवको आधारमा यस कार्यविधिमा आवश्यकता अनुसार पुनरावलोकन गरी संशोधन वा परिमार्जन गर्न सक्नेछ ।

१५. प्रचलित कानून लागु हुने :

प्रचलित कानूनमा व्यवस्था भएका विषयहरुका सम्बन्धमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा यसै कार्यविधि बमोजिम हुनेछ ।

१६. अन्तिम व्याख्या :

यस कार्यविधि कार्यान्वयन चरणमा व्याख्यामा दुविधा भएमा अविलम्ब स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समितिमा पेश गर्नेछ र सो समितिले संशोधन वा परिमार्जन गर्नेछ ।

आज्ञाले,

**लेखनाथ न्यौपाने**

प्रमुख प्रशासकीय अधिकृत